आज मिति २०८१ पुष १६ गतें दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | विर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

## मिति २०८१ पुष १६ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

**निर्णय नं १**

पूर्व बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो। चालु आवको बजेट तथा कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सबै शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २**

थलारा गाउँपालिकाको खरिद नियमावली, २०७६ लाई सङ्घीय र प्रदेश कानुनसँग तादम्यता कायम गर्नका लागि समयानुकुल संशोधन गर्नुपर्ने भएकोले संशोधन प्रस्ताव तयार गर्न सुशासन तथा संस्थागत विकास समितिलाई सैद्धान्तिक सहमति दिने।

**निर्णय नं ३**

वर्षादको समयमा विभिन्न खोलामा काठेपुल निर्माण गरिएको हुँदा उक्त पुलहरु निर्माणमा भएको खर्च रकम वडा कार्यालयको सिफारिसको आधारमा प्रत्येक काठेपुलको बढीमा १० हजारका दरले विपद व्यवस्थापन शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी गर्ने। देउरा बजार र थलारा-१ जोड्ने सेती नदिमा निर्मित अस्थायी पुल निर्माणमा लागेको खर्च रकम मध्ये बढीमा रु.२२०,०००/- समेत सोही शिर्षकबाट भुक्तानी गर्ने।

निर्णय नं. ४

यस थलारा गाउँपालिका, रोजगार सेवा केन्द्रका लागि रोजगार संयोजक करार सेवामा लिन भएको (विज्ञापन नं. ०५/२०८१-०८२) विज्ञापन बमोजिम तोकिएको म्याद भित्र रितपूर्वक दरखास्त पेश गरी प्रारम्भिक सूचीमा नाम समावेश भएका उम्मेदवारहरु मध्येबाट उपयुक्त उम्मेदवार छनौट गर्न मिति २०८१/०९/१५ गतेका दिन लिएको लिखित तथा प्रयोगात्मक परीक्षामा कुनै पनि उम्मेदवार उतिर्ण नभएकोले उक्त पदमा करार पदपूर्तिका लागि पुनः १५ दिनको म्याद राखी कार्यालयको वेबसाइट, सामाजिक सञ्जाल र सूचना पाटीमा विज्ञापन प्रकाशन गरी पुनः पदपूर्ति प्रक्रिया अगाडी बढाउने।

निर्णय नं. ५

निम्नानुसारका स्थानमा झोलुङ्गे पुल निर्माण गर्नुपर्ने आवश्यक भएकोले झोलुङ्गे पुल निर्माणका लागि स्थानीय पूर्वाधार विकास विभागमा माग गर्ने निर्णय गरियो।

| क स | झोलुङ्गे पुलको नाम | स्थान |
|---|---|---|
| १ | देवस्थली पिपल चौतारा विस्खेत जिल्ला परीगाड झो. पु. | थलारा ८ बझाङ |
| २ | पाठभ्वा विस्खेतगाउँ छडीगाड झो. पु. | थलारा ८ बझाङ |
| ३ | फकाली डाडा ढुङ्गा थालथुम झोपु | थलारा ९ बझाङ |
| ४ | बिरा पनेरि बगर झोपु | थलारा ९ बझाङ |

निर्णय नं ६

चालु आर्थिक वर्षको प्रदेश सरकार बिशेष अनुदान तर्फको फलफुल तथा तरकारी पकेट क्षेत्र विस्तार कार्यक्रमको कार्यान्वयनका लागि इच्छुक कृषक समुह तथा फर्महरु छनौटका लागि सूचना प्रकाशन गरी आर्थिक आर्थिक विकास समितिको समन्वयमा कृषि विकास शाखाले कार्यान्वयन प्रक्रिया अगाढी बढाउने।

निर्णय नं. ७

चालु आर्थिक बर्ष २०८१।८२ को बजेट कार्यान्वयनको समीक्षाका आधारमा केही कार्यक्रमका लागि बजेट अपुग देखिएकोले त्यस्ता कार्यक्रममा बजेट थप र खर्च नहुने शिर्षकको बजेट घटाई आगामी कार्यपालिकामा संशोधन प्रस्ताव पेश गर्ने गरी सम्बन्धित वडा समिति र शाखाहरुले प्रस्ताव तयार गर्ने।

निर्णय नं. ८

थलारा गाउँपालिका अन्तर्गत मालुमेला स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन सेवाको लागि स्वास्थ्यकर्मीले आवश्यक तालिम प्राप्त गरिसकेको हुँदा उक्त मालुमेला स्वास्थ्य चौकी वडा नं ९ लाई सुरक्षित गर्भपतन सेवाका लागि सूचीकृत संस्था घोषणा गर्ने।

निर्णय नं ९

थलारा गाउँपालिका कार्यपालिका सदस्य श्री ज्ञानु दमाईकी आमा श्री झिमा दमाईको मिति २०८१।९।९ गते र वडा नं ९ मालुमेला स्वास्थ्य चौकी अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयं सेविका श्री पंचमाला जोशीको मिति २०८१।९।१३ गते भएको असामयिक निधन प्रति शोक व्यक्त गर्दछौं।

निर्णय नं १०

देहायका व्यक्तिहरुलाई आर्थिक सहायता शिर्षकबाट नगद आर्थिक सहयोग रकम भुक्तानी दिने।

| क स | नाम थर | ठेगाना | कारण | सहयोग रकम रु. |
|---|---|---|---|---|
| १ | पंचमाला जोशीको परिवार | थलारा ९ | पहिरोको ढुङ्गा लागेर मृत्यु भएको म स्व सेविका | २०००० |
| २ | सुरेश ब खाती | थलारा २ | अरिङ्गालले टोकेर २ छोराछोरी र श्रीमतिको मृत्यु | ५०००० |
| ३ | उजले दमाई | थलारा ६ | आँखाको उपचार | १०००० |
| ४ | रण बहादुर सिंह | थलारा ४ | हावाहुरीले घरको छाना उडाएको | २०००० |
| ५ | विरे खाती | थलारा ५ | खुट्टामा समस्या भइ उपचारका लागि | १५००० |
| ६ | सम्झना खड्का | ज न पा बझाङ | महिला क्रिकेट खेलाडी | १५००० |
| ७ | अम्मर वादी | थलारा ५ | छोराको औषधी उपचार | ८००० |
| ८ | कमला वादी | थलारा ५ | औषधी उपचार | ५००० |
| ९ | कृष्णा देवी ओझा | थला | औषधी उपचार | ८००० |
| १० | डिल्ली सार्की | थलारा ३ | हातेट्याक्टरले खुट्टा भाँचिएको | ३५००० |
| ११ | अर्जुन जंग बहादुर सिंह | खसडछान्ना १ | मृगौलाको उपचार | ३५००० |
| १२ | रामकृष्ण पाध्याय | थलारा ८ | औषधी उपचार खर्च | १०००० |
| १३ | किस्ने पाध्या | थलारा ३ | औषधी उपचार खर्च | १५००० |
| १४ | पुष्पा सिंह | थलारा ३ | पाठेघरको अपरेसन | १५००० |
| १५ | लक्ष्मीराज उपाध्याय | थलारा ३ | पहिरोले घर भत्केको | २०००० |
| १६ | दिपा वादी | थलारा ५ | औषधी उपचार खर्च | १५००० |
| १७ | नन्दा सार्की | थलारा ६ | औषधी उपचार खर्च | १०००० |
| १८ | विकास बि क | थलारा ६ | औषधी उपचार खर्च | १०००० |
| १९ | महाविरे सार्की | थलारा ६ | औषधी उपचार खर्च | १०००० |